# कृषि विकास बैंक लि.

## खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**पदको विवरण:**

पद : कानून सहायक — सेवा / समूह : प्रशासन / प्रशासन

तह : ५ (पाँच)

**परीक्षाको किसिम:**

(क) : लिखित परीक्षा : २०० पूर्णाङ्क — (ख) : अन्तर्वार्ता : ३० पूर्णाङ्क

**न्यूनतम शैक्षिक योग्यता:**

मान्यता प्राप्त विश्वविद्यालयबाट कानून संकायबाट स्नातक तह उत्तिर्ण भएका ।

**पाठ्यक्रमको उद्देश्य:**

बैंकको कानून सहायक, सहायकस्तर प्रशासन सेवा तह-५, पदका लागि निर्धारित कार्य विवरणलाई दृष्टिगत गरी तोकिएको आवश्यक न्यूनतम् योग्यता पुगेका योग्य उम्मेदवारहरुमध्येबाट कार्यालयको दैनिक कार्य संचालनका लागि बैंकको कार्यक्षेत्र र कार्य प्रकृतिसँग सम्वन्धित कानून, कर्जा, निक्षेप तथा बैंकिङ्ग कारोबार संचालनका सान्दर्भिक विषयमा उम्मेदवारको सैद्धान्तिक र व्यावहारिक ज्ञानको परीक्षण गर्नु प्रस्तुत पाठ्यक्रमको उद्देश्य रहेको छ ।

**लिखित परीक्षा संरचना:**

| सि.नं. | पत्र | विषय | खण्ड | प्रश्न प्रकृति | प्रश्न संख्या | अंक | अंकभार | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम पत्र | सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्वन्धी | क | वस्तुगत बहुवैकल्पिक | २५ | १ | २५ | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | ख | छोटो उत्तर | ५ | ५ | २५ | | | |
| | | | | लामो उत्तर | ५ | १० | ५० | | | |
| २ | द्वितीय पत्र | सेवा सम्वन्धी | क | छोटो उत्तर | ४ | ५ | २० | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |
| | | | ख | छोटो उत्तर | ४ | ५ | २० | | | |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |

**द्रष्टव्य:**

(१) लिखित परीक्षाको प्रश्न पत्र नेपाली वा अंग्रेजी दुबै भाषामा सोधिने छ । सबै प्रश्नको उत्तर अनिवार्य हुनेछ । लिखित परीक्षामा परीक्षार्थीले नेपाली र अंग्रेजी भाषामध्ये कुनै एक वा दुवै माध्यममा उत्तर दिन सक्नेछन् ।

(२) वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

(३) पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशका ईकाइहरु समावेस हुने गरी प्रश्न सोधिने छ ।

(४) विषयगत प्रश्नको हकमा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or More parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

(५) यस पाठ्यक्रमका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा समावेस भएको सम्झनु पर्छ ।

(६) लिखित परीक्षामा प्रत्येक पत्रको उत्तीर्णाङ्क न्यूनतम ४० प्रतिशत अङ्क रहेको र लिखित परीक्षामा सफल भई योग्यताक्रममा छनौट भएका उम्मेदवारहरु मात्र अन्तर्वार्ता परीक्षामा सम्मिलित हुन पाउने छन् ।

पाठ्यक्रम स्वीकृत तथा लागू मिति : २०७७/०९/११

## प्रथम-पत्र : सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्बन्धी

| खण्ड-क: सामान्य ज्ञान | | | | वस्तुगत बहुवैकल्पिक<br>२५ प्रश्न x१ अंक = २५ | |
|---|---|---|---|---|---|
| पाठ्यक्रमको इकाई विभाजन | | | | | |
| बुँदा नं.: | १ | २ | ३ | ४ | ५ |
| प्रश्न संख्या: | १० | ३ | ३ | ५ | ४ |

(१) नेपालको भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, जनसांख्यिक, सास्कृतिक, साहित्यिक, धार्मिक, प्रशासनिक, आर्थिक, शैक्षिक, वैज्ञानिक तथा खेलकुद सम्बन्धी जानकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख सम-सामयिक बिषय तथा घटनाक्रमहरु बारे सामान्य जानकारी ।

(२) नेपालमा संवैधानिक विकासक्रम तथा नेपालको संविधान सम्बन्धी सामान्य जानकारी ।

(३) नेपालको आवधिक योजना सम्बन्धी सामान्य जानकारी ।

(४) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सम्बन्धी सामान्य जानकारी ।

(५) **नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन** सम्बन्धी जानकारी ।

| खण्ड-ख: आर्थिक तथा बैंकिङ्ग सम्बन्धी | | | | | छोटो उत्तर | ५ प्रश्न x५ अंक = २५ |
|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ५ प्रश्न x१० अंक = ५० |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | |
| बुँदा नं.: | १ | २ | ३ | ४ | ५ | ६ |
| प्रश्न संख्या: | २ | २ | १ | २ | १ | २ |

(१) **बैंकिङ्ग प्रणाली:** बैंकिङ्ग अवधारणा, विकासक्रम, बैंकका प्रकार तथा कार्यहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बैंकिङ्ग व्यवसायका आधुनिक सेवा, सुविधाहरु, केन्द्रीय बैंकको स्थापना, महत्व तथा काम, कर्तव्य र अधिकार, नेपालमा बैंकिङ्ग क्षेत्रको वर्गीकरण तथा बैंक तथा वित्तीय संस्थाहरुको काम, कर्तव्य र अधिकार, नेपालमा वाणिज्य बैंकको मुख्य कारोवार क्षेत्र, सम्भावना, अवसर तथा चुनौतीहरु, नेपालको आर्थिक विकासमा बैंकिङ्ग क्षेत्रको भूमिका, महत्व तथा वर्तमान अवस्था, बैंकिङ्ग सेवाहरु निक्षेप सेवा, कर्जा सेवा, विप्रेषण, प्रतितपत्र, बैंक जमानत तथा अन्य सेवाहरु, बैंकिङ्ग शब्दावलीहरु ।

(२) **व्यवस्थापन: संगठन:** परिभाषा, संगठनात्मक संरचना, संगठनको प्रकार, उद्देश्य, सञ्चार प्रणाली, संगठनात्मक परिवर्तन र विकास, संस्थागत सुशासन सम्बन्धी जानकारी । **व्यवस्थापन:** परिभाषा, सिद्धान्त तथा महत्व, व्यवस्थापनका कार्यहरु, उत्प्रेरणा, व्यवस्थापन सूचना प्रणालीको महत्व । **मानव संसाधन व्यवस्थापन:** अवधारणा, महत्व, कर्मचारी छनौट तथा भर्ना, तालीम तथा विकास, कार्य विवरण, कार्य विश्लेषण, पुरस्कार तथा दण्ड सजाय, कार्यसम्पादन मूल्यांकन र वृत्ति विकास योजना, चिठ्ठीपत्र लेखन, पत्राचार, दर्ता चलानी, फाइलिङ्ग, अनुक्रमणिका, संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, टिप्पणी तथा प्रतिवेदनको परिचय र ढाँचा, कार्यालय संरचना र सजावट ।

(३) **सूचना प्रविधि:** Computer System (Input Device, Output Device), Operating system, Application Software, MS Office System, Internet, e-mail, Hardware, Networking, Database Management System, Related Threats, बैंकिङ्ग क्षेत्रमा Core Banking System (CBS) को आवश्यकता, यसको कार्यान्वयन गर्दा ध्यान दिनु पर्ने विषय तथा सम्भावित जोखिमहरु ।

(४) **अर्थशास्त्र:** Macro and Micro Economic Concept and Elements, GDP, National income, Fiscal policy, Monetary policy, Interest rate, Inflation, Money market, Capital market, Government securities, Globalization, Economic liberalization.

(५) **गणित:** Unitary method, Fraction, Decimal, Simple and compound interest, Percentage, Ratio and proportion, Simple and weighted average, Mean, Median, Mode, Standard deviation, Triangle, Shapes.

(६) **कृषि विकास बैंक लि.:** बैंकको स्थापना, विकासक्रम, कार्यप्रकृति, दूरदृष्टि, ध्येय, उद्देश्य, संगठनात्मक संरचना, कारोवारको अवस्था, वासलातको आकार, विद्यमान सबल एवं दुर्बल पक्ष तथा अवसर र चुनौतिहरु, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्वन्धी जानकारी, कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ ।

## द्वितीयपत्र: सेवा सम्वन्धी

| खण्ड - क: कानूनी अवधारणा सम्वन्धी | | | | | छोटो उत्तर | ४ प्रश्न X ५ अंक = २० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ३ प्रश्न X १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | | |
| बुँदा नं. : | १ | २ | ३, ४ र ५ | ६, ७ | ८ - ११ | १२ - १४ | १५-१७ |
| प्रश्न संख्या : | १ | १ | १ | १ | १ | १ | १ |

(१) कानूनको अवधारणा, सामान्य सिद्धान्तहरु, उद्देश्य, श्रोत, कार्य तथा वर्गीकरण ।

(२) संवैधानिक कानूनको अवधारणा, संवैधानिक कानूनका श्रोत र सिद्धान्त, संविधानको वर्गीकरण, नेपालको संवैधानिक इतिहास, संविधानवाद, विधिको शासन (Rule of law), राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु, मौलिक हक, कानूनी राज्यको सिद्धान्त सम्वन्धी जानकारी ।

(३) विश्वमा प्रचलित मुख्य कानूनी प्रणालीहरु र तिनको विकासक्रम ।

(४) न्यायको अर्थ र न्यायमा पहुँच, न्यायको प्रकार र कानूनी शासनको अवधारणा तथा सिद्धान्त ।

(५) बैंकिङ्ग कानूनको अवधारणा, सिद्धान्त तथा क्षेत्र ।

(६) शक्ति सन्तुलन तथा पृथकीकरणको अर्थ, सिद्धान्त, कानून प्रद्धत्त अधिकार तथा कर्तव्य सम्वन्धी जानकारी ।

(७) नेपालमा कानून निर्माण प्रकृया, कानूनी राज्यका मुख्य अंगहरु तथा तिनिहरुको काम, कर्तव्य र अधिकार ।

(८) मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र, यसका विशेषता, महत्व र प्रयोग ।

(९) पारिवारिक कानून, व्यक्ति सम्वन्धी कानून, सम्पति सम्वन्धी कानून ।

(१०) न्यायिक तथा अर्ध न्यायिक निकाय र यसको अधिकार क्षेत्र ।

(११) रिट सम्वन्धी अवधारणा, कानूनी लिखतको मस्यौदा, हकदैया, हदम्याद, म्याद तथा तारेख ।

(१२) लिखतहरुको दर्ता, दरपिठ, अदालती शुल्क, धरौटी तथा जमानी ।

(१३) जाहेरी दर्खास्त, बयान, बकपत्र, फिरादपत्र, प्रतिउत्तर पत्र, पुनरावेदन पत्र, लिखित जवाफ ।

(१४) वारेसनामा, सकारनामा, तमसुक, दृष्टिवन्धक, मञ्जुरीनामा सम्वन्धी जानकारी ।

(१५) प्रतिरक्षा सम्वन्धी जानकारी, बहस पैरवी, बहस व्यवस्थापन र बहसकला सम्वन्धी जानकारी ।

(१६) प्रमाण परीक्षण, फैसला सम्वन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, पुनरावेदन तथा फैसला कार्यान्वयन ।

(१७) अन्तरिम आदेश, अन्तिम फैसला तथा न्यायिक पुनरावलोकन ।

कृषि विकास बैंक
जनशक्ति व्यवस्थापन
मुख्य कार्यालय, काठमाडौं

| खण्ड–खः संस्था, कम्पनी, बैंक तथा बैंकिङ्ग नजिर | | | | | छोटो उत्तर | ४ प्रश्न X ५ अंक = २० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ३ प्रश्न X १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | | |
| बुँदा नं. : | १ र २ | ३ | ४ | ५ | ६ | ७ र ८ | ९ |
| प्रश्न संख्या : | १ | १ | १ | १ | १ | १ | १ |

(१) संयुक्त राष्ट्रसंघको स्थापना, उद्देश्य, बडापत्र, कार्य तथा क्षेत्राधिकार ।

(२) अन्तर्राष्ट्रिय न्यायालय, यसको संरचना, क्षेत्राधिकार, फैसला प्रकृया तथा फैसला कार्यान्वयन ।

(३) कम्पनी संचालन, वार्षिक साधारण सभा, अभिलेखिकरण, कम्पनी सचिवालय सम्वन्धी कानूनी प्रावधान ।

(४) नेपालमा सार्वजनिक संस्थानहरुको अवस्था, अर्थतन्त्रमा पुऱ्याएको योगदान, सम्भावना तथा चुनौतिहरु र नेपालमा वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारिता, उपलब्धी र प्रमुख चुनौतिहरु ।

(५) प्रतिवेदनको आवश्यकता, महत्व, वर्गीकरण, तयार गर्दा ध्यान दिनुपर्ने बिषयहरु तथा लेखन प्रकृया, कानूनी प्रकृयामा प्रयोग हुने कानूनी शब्दावलीहरु (Legal Terminology) बारेमा जानकारी ।

(६) बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी जानकारी ।

(७) कृषि विकास बैंक लि.को स्थापना, विकासक्रम, कार्यप्रकृति, दूरदृष्टि, ध्येय, उद्धेश्य, संगठनात्मक संरचना, वासलातको आकार, कारोवारको अवस्था, विद्यमान सबल एवं दुर्बल पक्ष तथा अवसर र चुनौतिहरु ।

(८) नेपालको कृषि, ग्रामीण तथा बैंकिङ्ग क्षेत्रको विकासमा कृषि विकास बैंक लि.को योगदान तथा भूमिका ।

(९) बैंकिङ्ग सम्वन्धी स्थापित नजीरहरु ।

(१) भुवनमान सिंह प्रधान वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत, (रिट नं. ३३८९/२०६०) आदेश मिति २०६२।७।२९, संयुक्त इजलास, सर्वोच्च अदालतबाट जारी भएका निर्देशात्मक आदेशहरुको कार्यान्वयनको अवस्था २०६३, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं ।

(२) कृष्ण गोपाल टंडन समेत वि. नेपाल राष्ट्र बैंक, काठमाण्डौ समेत, ने.का.प. २०६०, निर्णय नं. ७२९५, पृ. ९१८ ।

(३) विनय रेग्मी वि. श्रम अदालत समेत, सर्वोच्च आदलतबाट प्रतिपादित बाणिज्य कानून सम्वन्धी केही महत्वपुर्ण नजीरहरु, २०६३ ।

(४) केशव कि.सी. समेत वि. ईन्टरनेशनल लिजिङ एण्ड फाइनान्स क.लि. समेत ने.का.प. २०५८ नि.नं. ६९८६,पृ.१३९ ।

(५) लुनकारण दास चौधरी समेत वि. नेपाल राष्ट्र बैंक के.का समेत (२०६२), सर्वोच्च अदालतबाट प्रतिपादित वाणिज्य कानून सम्बन्धी केही महत्वपुर्ण नजीरहरु- २०६३ ।

(६) उमा अग्रवाल वि. नेपाल बैंक लि.समेत ने.का.प. २०४६, नि.नं. ३९१७, पृ.८६८ ।

(७) आनन्दभक्त राजभण्डारी वि. श्री ५ को सरकार अर्थ मन्त्रालय ने.का.प. २०४३, नि.नं. २७३७, पृ.४९४ ।

(८) लुम्बिनी विकास बैंक लि. विरुद्ध संगिता त्रिपाठी, मुद्धा नं. ०६७/NF०००१ मुद्धा उत्प्रेषण मिश्रित परामादेश, पुर्ण ईजलास, निर्णय मिति २०७२।०९।१६ ।

(९) दि फुलबारी लि.का तर्फबाट संचालक समितिका अध्यक्ष पियुष बहादुर अमात्य विरुद्ध ने.रा.बैं., संचालक समिति केन्द्रीय कार्यालय बालुवाटार समेत, ने.का.प.२०६४, अंक ८, निर्णय नं. ७८७२।

★★★★★